# गैरआवासीय नेपाली संघ

**काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०४, बालुवाटार, काठमाण्डौ**

**१२ औं विश्व सम्मेलन, १२ औं बृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारणसभा, २०२५ सम्बन्धी**

**सूचना**

**सम्पूर्ण महाधिवेशन र साधारणसभाका प्रतिनिधि महानुभावहरु,**

**सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्हरु ।**

यस गैरआवासीय नेपाली संघ ("**संघ**") को ११ औं अन्तराष्ट्रिय महाधिवेशनबाट निर्वाचित र एकता महाधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् ("**कार्य समिति**") हरुको बैठकको निर्णयानुसार संघको १२ औं विश्व सम्मेलन, १२ औं बृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारणसभा, २०२५ निम्न मिति, समय, स्थान (माध्यम समेत) मा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण महाधिवेशन र साधारणसभा प्रतिनिधिहरु महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छः

१. **१२ औं विश्व सम्मेलनः**

**मितिः** सन् २०२६ मार्च १४ तारिख (तदनुसार वि.सं. २०८२/११/३०) शनिवार ।

**स्थानः** तहाचाल, काठमाण्डौ स्थित होटल "**द सोल्टी काठमाण्डौ**" ।

**माध्यमः** भौतिक अथवा अनलाईन माध्यम ।

**समयः** नेपाल समय अनुसार विहान ९:०० बजे ।

(**नोटः** *१२ औं विश्व सम्मेलन सम्बन्धित थप जानकारीका लागि संघको सचिवालयमा कार्यालय समय भित्र राख्न समेत अनुरोध गरिन्छ*)

२. **१२ औं बृहत एकताको अन्तर्राष्ट्रिय महाधिवेशनः**

**मितिः** सन् २०२६ मार्च १४-१६ तारिख (तदनुसार वि.सं. २०८२/११/३०-१२/०२) शनिवार, आईतवार र सोमवार ।

**स्थानः** तहाचाल, काठमाण्डौ स्थित होटल "**द सोल्टी काठमाण्डौ**" ।

**माध्यमः** भौतिक अथवा अनलाईन माध्यम ।

**समयः** निर्वाचन समितिले प्रकाशित गर्ने निर्वाचनको कार्यतालिका अनुसार हुने ।

(**नोटः** *१२ औं अन्तर्राष्ट्रिय महाधिवेशन कार्यक्रमको तालिका (निर्वाचनको कार्यतालिका) निर्वाचन समितिले प्रकाशित गर्ने जानकारी गराउँदछौं*)

३. **वार्षिक साधारणसभा, २०२५:**

**मितिः** सन् २०२६ मार्च १६ तारिख (तदनुसार वि.सं. २०८२/१२/०२) सोमवार ।

**स्थानः** तहाचाल, काठमाण्डौ स्थित होटल "**द सोल्टी काठमाण्डौ**" ।

**माध्यमः** भौतिक अथवा अनलाईन माध्यम ।

**समयः** नेपाल समय अनुसार विहान ११:०० बजे ।

**वार्षिक साधारणसभा, २०२५ को छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची:**

(१) ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन र एकता महाधिवेशनबाट निर्वाचित कार्य समितिहरुको वार्षिक क्रियाकलाप सहितको महासचिवको साङ्गठनिक (वार्षिक) प्रगति प्रतिवेदनहरु बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन र एकता महाधिवेशनबाट निर्वाचित कार्य समितिहरुको कोषाध्यक्षको आर्थिक प्रतिवेदनहरु बारे ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) विषयगत समितिको प्रतिवेदनहरु बारे ।

(५) क्षेत्रिय सम्मेलनहरुको प्रतिवेदनहरु बारे ।

(६) विभिन्न विभागहरुको प्रतिवेदनहरु बारे ।

(७) विभिन्न समितिहरु प्रतिवेदनहरु बारे ।

(८) राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरु बारे ।

(९) गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन समेत) को दफा १४ को उपदफा १४.८ अनुसारका समितिहरु बारे ।

(१०) सन् २०२५ नोभेम्बर ३० (तदनुसार वि.सं. २०८२/०८/१४) मा सम्पन्न गैरआवासीय नेपाली संघको बृहत एकताको मूल सहमतिपत्र बारे ।

(११) स्टेयरिङ कमिटी (Steering Committee) र उक्त कमिटीको काम कारवाही विवरण बारे ।

(१२) संघका विगत १० औं र ११ औं अन्तर्राष्ट्रिय महाधिवेशनका सन्दर्भमा विभिन्न परिस्थितिका कारण रहेका डा. बद्री के.सी., कुल आचार्य, रबिना थापा; विनोद कुँवर र राजेन्द्र कुमार शर्माको कार्यसमितिहरुको वैधानिकता बारे ।

(१३) अन्तर्राष्ट्रिय महाधिवेशन र साधारणसभाको काम कारबाहीको विवरण (माइन्यूट) को प्रमाणिकरण गर्ने व्यक्ति बारे ।

(१४) विविध ।

**वार्षिक साधारणसभा, २०२५ सम्बन्धी अन्य जानकारी:**

(१) वार्षिक साधारणसभा, २०२५ ("**साधारणसभा**") प्रयोजनको लागि गैरआवासीय नेपाली संघको विधान २००३ (२०२२ को संशोधन समेत) ("**विधान**") को दफा १४ को उपदफा १४.१० को खण्ड (३) का प्रतिनिधिहरु साधारणसभा बस्ने दिन भन्दा २० (बीस) दिन अगाडी अर्थात सन् २०२६ फेब्रुअरी २४ (मिति २०८२/११/१२) को कार्यालय समय भित्र संघको सूचना प्रविधि विभागमा सम्बन्धित राष्ट्रिय परिषद्बाट चयन गरि निम्नानुसार ढाँचामा प्रतिनिधिहरुको नाम संघको इमेल ठेगाना membership@nrna.org पठाउँनु पर्नेछ । सो पश्चात् आएका प्रतिनिधिहरुको विवरण मान्य हुने छैन ।

| S.No. | Membership ID | Name | Country (NCC) | Email |
|---|---|---|---|---|
| | | | | |

(२) प्रतिनिधिहरुको नामावली साधारणसभा बस्ने दिन भन्दा १५ (पन्ध्र) दिन अगाडी अर्थात सन् २०२६ मार्च १ (मिति २०८२/११/१७) मा संघको वेभसाईटमा प्रकाशित गरिनेछ ।

(३) साधारणसभाका प्रतिनिधिहरु गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्नेछ ।

(४) साधारणसभाका प्रतिनिधिहरुको संघको पञ्जिकृत सदस्य कायम रहि रहेका हुनु पर्नेछ ।

(५) १२ औं अन्तर्राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरुले संघको साधारणसभामा पर्यवेक्षकको रुपमा सहभागि हुन पाउँने छन् । तर १२ औं अन्तर्राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरुको मताधिकार हुने छैन ।

(६) साधारणसभामा भौतिक रुपमा उपस्थति हुन नसक्ने प्रतिनिधिहरुले साधारण सभामा अनलाइन मार्फत सहभागि हुनका लागि सन् २०२६ मार्च ८ (२०८२/११/२४) को कार्यालय समय भित्र संघको इमेल ठेगाना membership@nrna.org जानकारी गराई सक्नु पर्नेछ ।

(७) साधारणसभामा भाग लिन ईच्छुक प्रतिनिधि महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र (फोटो सहित हुन पर्नेछ) र संघको पञ्चिकृत सदस्य रहेको विवरण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षमा भित्र प्रवेश गर्न पाइने छैन ।

(८) प्रतिनिधि महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न साधारणसभाको उपस्थिति पुस्तिका साधारण सभा हुने दिनको विहान ९:३० बजे देखि साधारणसभा हुने स्थलमा खुल्ला गरिनेछ ।

(९) अनलाईनबाट उपस्थित हुन प्रतिनिधिहरुको उपस्थितिको अभिलेख संघको सूचना प्रविधि विभागले राखेछ ।

(१०) प्रतिनिधि महानुभावहरुले साधारणसभामा उपस्थितिका लागि प्रतिनिधि नियुक्त गर्ने पाईने छैन । प्रतिनिधिहरु स्वयं साधारणसभामा उपस्थित हुनु पर्नेछ ।

(११) प्रतिनिधि महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा कार्य समितिहरुका तर्फबाट सामुहिक रुपले उत्तर दिन सकिनेछ ।

(१२) शान्ति सुरक्षाका कारण साधारणसभामा उपस्थित हुने प्रतिनिधि महानुभावहरुलाई यथासक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले प्रतिनिधि महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन् ।

(१३) साधारणसभामा छलफलका लागि तोकिएका सम्पूर्ण प्रस्तावहरु प्रतिनिधि महानुभावहरुले संघको सचिवालयमा आई निरीक्षण वा प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ ।

(१४) साधारणसभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा संघको सचिवालयमा कार्यालय समय भित्र राख्न समेत अनुरोध गरिन्छ ।

**नोटः**

(१) साधारण सभाको सूचना सन् २०२६ फेब्रुअरी १३ (२०८२/११/०१) देखि संघको वेभसाईटः https://nrna.org/ मा हेर्न सक्नु हुनेछ ।

(२) साधारण सभामा पेश हुन प्रतिवेदहरु सन् २०२६ मार्च ८ (२०८२/११/२४) देखि संघको वेभसाईटः https://nrna.org/ मा हेर्न सक्नु हुनेछ ।